
स्वास्थ्य शाखा, मोदी गाउँपालिकाद्वारा प्रकाशित

# मासिक जनस्वास्थ्य बुलेटिन

**बर्ष:०१ अंक: ०१ महिना:०१ २०८१ पौष**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016


**मोदी गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय**

## स्वास्थ्य शाखा

**पातिचौर, पर्वत** **गण्डकी प्रदेश, नेपाल**

Email: health@modimun.gov.np
Teliphone: 067-410164

## न्युनतम सेवा मापदण्ड कार्यक्रम

मोदी गाउँपालिका अन्तर्गत रहेका ८ वटा स्वास्थ्य चौकी तथा ९ वटा सामुदायिक स्वास्थ्य इकाइबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवा प्रवाहलाई थप व्यबस्थित तथा गुणस्तरीय बनाउनका लागि बिगतका बर्षहरु झै यस आ.बको श्रावण, भाद्र, असोज, कार्तिक तथा मंसिर महिनामा यस मोदी गाउपालिकाका स्वास्थ्य चौकिहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रमको फलोअप तथा समीक्षा कार्यक्रम सम्पन्न भएको छ ।जसमा स्वास्थ्य कार्यलय पर्बत, वान हार्ट वर्ल्ड वाइड, स्वास्थ्य चौकी व्यबस्थापन समिति, वडा कार्यलय तथा स्वास्थ्य शाखा, मोदी गाउँपालिकाको समन्वय तथा व्यबस्थापनमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रम कार्यान्वयन गरिएका स्वास्थ्य संस्थाहरुमा आगामि दिनहरुमा स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि कार्ययोजना समेत निर्माण भएको छ । उक्त कार्यक्रममा क्रमशः राम्जा तिलाहार स्वास्थ्य चौकी मोदी गाउँपालिका, वडा नं ६ को स्कोर ९२%, बाजुङ स्वास्थ्य चौकी, मोदि गाउपालिका वडा नं ५ को स्कोर ९१% प्रतिशत,भुकताङग्ले स्वास्थ्य चौकी, मोदि गाउपालिका वडा नं १ को स्कोर ८६% र मोदी गाउपालिका वडा नं ४ मा रहेको क्याङ स्वास्थ्य चौकिको ७२% रहेको थियो।







## भ्याक्सिन सब-सेन्टर स्थापना तथा संचालन

मोदी गाउपालिकामा चालु आर्थिक बर्षको कार्तिक महिनाबाट भ्याक्सिन सब सेन्टरको स्थापना गरि संचालनमा ल्याइएको छ । गाउँपालिकामा भ्याक्सिन सब सेन्टर स्थापना हुनु पुर्ब स्वास्थ्य चौकीहरूले स्वास्थ्य कार्यलय पर्बतबाट आबश्यक परिमाणमा खोप ढुवानी गरि मोदि गाउपालिकाका बिभिन्न खोप केन्द्र बाट नियमित खोप सेवा प्रदान गर्ने गरिएकोमा गाउँपालिकामा भ्याक्सिन सबसेन्टर स्थापना पश्चात भ्याक्सिन ढुवानीका लागि स्वास्थ्य चौकीहरु स्वास्थ्य कार्यालयमा जानुपर्ने झन्झट हटेको छ ।



## क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट बिश्लेषण कार्यक्रम

मोदि गाउपालिकाको आयोजनामा मिति २०८१।०८।१० गतेका दिन क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट बिश्लेषण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम मोदि गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत बाबुराम पुरि ज्युको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रममा सहजकर्ताको रुपमा स्वास्थ्य कार्यलय पर्वतका क्षयरोग फोकल पर्सन नारायण प्रसाद रेग्मीले गर्नुभएको थियो । साथै मोदी गाउपालिकाको क्षयरोगको अवस्थाको बारेमा मोदि गाउपालिकाको स्वास्थ्य संयोजक उमेश कुमार अधिकारिले प्रस्तुतिकरण गर्नुभएको थियो। कार्यक्रममा मोदी गाउँपालिकामा रहेका स्वास्थ्य चौकीका फोकल पर्सन साथै प्रयोगशालामा कार्यरत स्वास्थ्य कर्मिहरुको समेत उपस्थिति रहेको थियो ।





## मुख स्वास्थ्य कार्यक्रम

मोदी गाउँपालिका र जिभाय नेपालको सहकार्यमा मोदी गाउपालिकामा रहेको राम्जा तिलाहार स्वास्थ्य चौकीमा प्रत्येक हप्ताको आइतबारका दिन डेन्टल हाइजिनसष्टद्वारा नियमित दन्त परिक्षण सेवा तथा बिभिन्न बिद्यालयहरुमा मासिक रुपमा दन्त शिबिर संन्चालन भइरहेको छ । हरेक ३/३ महिनामा बिधार्थिहरुलाइ ब्रस तथा दन्तमन्जन समेत बितरण गरि विद्यालय मुस्कान कार्यक्रम समेत संचालनमा रहेको छ । २०८१ को मंसिर महिनामा बिधार्थि तथा अन्य बिरामि गरि महिला १४९ र पुरुष १३१ गरि २८० जनाले सेवा लिनुभएको छ ।






## ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम

मोदी गाउँपालिकामा रहेका गर्भबती महिला तथा भुर्णको स्वास्थ्य अबस्थाको नियमित चेकजाँच तथा आमा र बच्चाहरुको स्वास्थ्य सुरक्षाको लागि मोदी गाउपालिकामा ग्रामिण अल्ट्रासाउण्ड (Rural Ultrasound) कार्यक्रम संचालनमा रहेको छ । सेवा प्रवाह गर्नका लागि मोदी गाउपालिकामा ३ वटा Ultrasound मेसिन सहित ३ जना तालिम प्राप्त दक्ष जनशक्ति (A.N.M) रहनुभएको छ । मोदि गाउपालिकामा रहेका ८ वटा स्वास्थ्य चौकिहरुमा प्रत्योक महिना Rural Ultrasound कार्यक्रम अन्तर्गत गर्भवति आमाहरुको भिडियो x-ray गरि आमा र बच्चाको स्वास्थ्य अबस्थाबारे जानकारि प्रदान गर्ने गरिन्छ ।चालु आर्थिक बर्षको बुलेटिन तयार गर्ने समयसम्ममा कुल ४३ जना गर्भवती महिलाहरु ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमबाट लाभावान्वित भएका छन ।





## प्रतिजैविक प्रतिरोध / एन्टी माइक्रोबियल रेजिस्टेन्स (ए.एम.आर) सम्बन्धि अभीमुखीकरण

मोदी गाउँपालिका, वडा नं १ भुकताङ्ले स्वास्थ्य चौकीमा मिति २०८१।०८।१८ गते प्रतिजैविक प्रतिरोध / एन्टी माइक्रोबियल रेजिस्टेन्स (ए.एम.आर) सम्बन्धि पैरवी तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। मोदी गाउँ पालिका कार्यपालिका सदस्य शान्ता आले ज्युको अध्यक्षतामा कार्यक्रम संन्चालन भएको थियो ।कार्यक्रमको सहजिकरण स्वास्थ्य शाखा प्रमुख उमेश कुमार अधिकारी र जनस्वास्थ्य निरीक्षक बिक्रम भुवाजी बाट भएको थियो ।कार्यक्रम संचालन भुक स्वास्थ्य चौकी प्रमुख कृष्ण प्रसाद अर्याल ज्युले गर्नुभएको थियो । कार्यक्रममा जनप्रतिनिधि, विद्यालयका शिक्षक, आमा समुह, महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका, स्वास्थ्यकर्मी तथा स्थानीय कृषक लगायत २६ जनाको सहभागिता रहेको थियो ।





## स्वास्थ्य चौकी प्रमुखहरुको मासिक समिक्षा बैठक

मिति २०८१ साल ८ मंसिर ६ गतेका दिन मोदी गाउँपालिकामा रहेका आठवटा स्वास्थ्य चौकीका प्रमुख तथा स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरू बीच मासिक समिक्षा बैठक सम्पन्न भएको छ। स्वास्थ्य संस्थाहरुले कार्तिक महिनामा सम्पादन गरिएका क्रियाकलापहरु र मासिक प्रतिवेदनमक बारेमा छलफल गरियो। नियमित रुपमा विद्युतीय माध्यमबाट प्रविष्ट गरिएका तथ्यांकहरुको अध्ययन, विश्लेषण एबम डाटा भेरिफिकेसन गर्ने कार्य सम्पन्न भएको छ। स्वास्थ्य कार्यालय पर्वतबाट जनस्वास्थ्य अधिकृत अन्जली पौडेलले बैठकको सहजीकरण गर्नुभएको थियो। बैठकमा आगामी दिनहरुमा गरिने कामहरूको कार्ययोजना समेत बनाइएको थियो।






**आकष्मिक अवस्थामा एम्बुलेन्स सेवाको लागि सम्पर्क नं. ९८५७६६६११२**

## गाउपालिकाका स्वास्थ्य चौकीहरुको बिबरण

| क्र.स | स्वास्थ्य चौकीको नाम | ठेगाना | स्वास्थ्य चौकी प्रमुखको नाम, थर | संस्थाको सम्पर्क नं |
|---|---|---|---|---|
| १ | भुकताङ्ले स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं १ | कृष्ण प्रसाद अर्याल | ९८५७६७०१०१ |
| २ | देउपुर स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं २ | लालिमाया श्रीस | ९८६७६७०१०२ |
| ३ | देउराली स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं ३ | हुमनाथ शर्मा | ९८५७६७०१०३ |
| ४ | क्याङ स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं ४ | सन्ध्या चौधरि | ९८५७६७०१०४ |
| ५ | बाजुङ स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं ५ | गोकुल प्रसाद अधिकारी | ९८५७६७०१०५ |
| ६ | राम्जा तिलाहार स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं ६ | देबि .बि.क. | ९८५७६७०१०६ |
| ७ | राम्जा देउराली स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं ७ | बिष्णु प्रसाद पौडेल | ९८५७६७०१०७ |
| ८ | चित्रे स्वास्थ्य चौकी | मोदी गा.पा वडा नं ८ | मिठुलाल सि.के . | ९८५७६७०१०८ |
| ९ | राम्जा आयुर्वेद औषधालय | मोदी गा.पा वडा नं ७ | प्रकाश चन्द्र सुबेदी | ९८५७६२०५५७ |

## स्वास्थ्य बीमा कार्यक्रमका दर्ता सहयोगीहरुको बिबरण


| क्र.स | दर्ता सहयोगिहरुको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १ | मोनिका घले | मोदी गा.पा-०१, भुक | ९८१००८५६६७ |
| २ | नारायणी देबि तिमिल्सिना | मोदी गा.पा-०२,देउपुर | ९८०५२१४६०४ |
| ३ | सुनिता चापागाइ | मोदी गा.पा-०३, देउराली | ९८६७६११५६४ |
| ४ | प्रभा पुन | मोदी गा.पा-०४, क्याङ | ९८२१३६७३७८ |
| ५ | पदम कुमारि मल्ल | मोदी गा.पा-०५, बाजुङ | ९८४७६७३४०३ |
| ६ | कल्पना कुमारि शर्मा गौतम | मोदी गा.पा-०६, तिलाहार | ९८४७६४८१४७ |
| ७ | लक्ष्मी बास्तोला | मोदी गा.पा-०७, राम्जा | ९८०६१७६९२८ |
| ८ | बिजुला शर्मा | मोदी गा.पा-०८, चित्रे | ९८४७६१२०४१ |

## स्वास्थ्य बीमा कार्यक्रममा सदस्यता दर्ता र सेवा सुरु हुने मिति


| सदस्यता दर्ता | सेवा सुरु हुने मिति | सेवा समाप्त हुने मिति |
|---|---|---|
| वैशाख, जेठ, असार | भदौ १ गते | अर्को वर्षको साउन मसान्तसम्म |
| साउन, भदौ, असोज | मङ्सिर १ गते | अर्को वर्षको कार्तिक मसान्तसम्म |
| कार्तिक, मङ्सिर, पौष | फागुन १ गते | अर्को वर्षको माघ मसान्तसम्म |
| माघ, फागुन, चैत | जेठ १ गते (अर्को वर्षको) | अर्को वर्षको वैशाख मसान्तसम्म |

**भोलि के पर्छ पर्छ,**
**स्वास्थ्य बीमा आजै गर्नुपर्छ।**

### मोदी गाउँपालिका, स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध बिमितहरुको विवरण





### उपचार सहुलियतका लागि सिफारिस गरिएका कडा रोगीहरुको विवरण




## प्राथमिक उपचार टोलि परिचालन

मोदी गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यहि मिति २०८१।०८।२५ गते मोदी गाउँपालिका वडा नं ६ मा रहेको नब जागृत मा.बि को प्राङगणमा सुरु भएको थियो । जहा मोदी गाउँपालिका भित्र रहेका सम्पुर्ण बिध्यालयहरुबाट बिभिन्न प्रकारका खेलहरु प्रदर्शनि भएका थिए ।उक्त खेल प्रदर्शनि गर्ने बेलामा खेलाडी हरुलाइ अप्रिय घटनाबाट बचाउन मोदी गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरीक्षक टिका कुमारि श्रीस को संयोजक मा ६ जना को First Aid Team निर्माण गरियको थियो भने बाकी ५ जना स्वास्थ्यकर्मिहरु मोदी गाउँपालिकाका बिभिन्न स्वास्थ्य संस्थाहरुबाट समाबेश गरियको थियो भने उक्त कार्यक्रम मिति २०८१।०८।२८ गते समापन भएको थियो ।



मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं :- ६६३

मिति : २०८१/०८/२४

श्री टिका कुमारि श्रीस
जनस्वास्थ्य निरीक्षक,
स्वास्थ्य शाखा ।

बिषयः प्राथमीक उपचार कक्षका लागि संयोजक तोकिएको बारे ।

उपरोक्त सम्बन्धमा मोदी गाउँपालिकाद्धारा मिति २०८१।०८।२५ देखि २०८१।०८।२८ सम्म सञ्चालन हुन गइरहेको चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा तपसिल बमोजिमका स्वास्थ्य कर्मिहरुको संमन्वयमा काम गर्ने गरि तपाइलाइ उक्त समय सम्मको लागि प्राथमिक उपचार कक्षको संयोजक तोकिएको हुदा तोकीएको जिम्मेवारि सम्पन्न गर्नुहुन जानकारि गराइन्छ।

तपसिलः

१. कृष्ण अर्याल हे.अ., भुक स्वास्थ्य चौकी
२. रबि कुमार पण्डित , अ.हे.ब. राम्जा देउरालि स्वास्थ्य चौकी
३. जन्मजय खड्का अ.हे.ब. चित्रे स्वास्थ्य चौकी
४. निशा के.सि अ.हे.ब बाउसे सामुदायिक स्वास्थ्य इकाई
५. रुपेश कुमार कुशवाह, देउराली स्वास्थ्य चौकी देउरालि स्वास्थ्य चौकी

बाबुराम पुरी
प्रमुख प्रसाशकीय अधिकृत

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

पातिचौर पर्वत, फोन नं. ०६७-४१०१६४
E-mail: info@modimun.gov.np, website: http://modimun.gov.np



## स्वास्थ्य शाखा सम्बन्धित जनाकारी

**मोदी गाउपालिका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य कर्मिहरुको बिबरण:**

उमेश कुमार अधिकारी (स्वास्थ्य शाखा प्रमुख) ९८४६०६८२०५
प्रकाश सुबेदि जनस्वास्थ्य निरिक्षक ९८४६१५५२६५
बिक्रम भुवाजी जनस्वास्थ्य निरिक्षक ९८४६४४०६७७
टिका कुमारि श्रीस जनस्वास्थ्य निरिक्षक ९८५७६५६६४९

| क्र.स | बिबरण | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | ८ |
| २ | सामुदायीक स्वा.ईकाइ | ९ |
| ३ | गाउघर क्लिनिक | २९ |
| ४ | खोप क्लिनिक | २९ |
| ५ | सामुदायिक महिला स्वास्थ्य स्वयं सबिका | ७३ |







## २१औँ राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस : एक सन्दर्भ

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको योगदान नेपालको स्वास्थ्य प्रणालीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका महत्वपूर्ण छ। दुर्गम क्षेत्रका जनतालाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन उनीहरूको योगदान प्रशंसनीय छ। मोदी गाउँपालिकामा ७३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूले पोषण, मातृ तथा बाल स्वास्थ्य, खोप अभियान, सरसफाइ, र स्वास्थ्य सचेतना जस्ता काममा सक्रिय भूमिका खेल्दै आएका छन्। नेपाल सरकारले प्रत्येक वडामा कम्तीमा एक जना स्वयंसेविका खटाउने नीति अवलम्बन गर्दै आएको छ। डिसेम्बर ५ मा मनाइने अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसलाई नेपालमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको रूपमा मनाउने गरिन्छ। यस अवसरले स्वयंसेविकाहरूको निःस्वार्थ सेवाभावको कदर गर्दै उनीहरूलाई थप प्रोत्साहित गर्छ। यद्यपि, स्रोतको अभाव, न्यून आर्थिक सुविधा, र कामको चुनौतीका बीच उनीहरूले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। उनीहरूको सेवाभावका कारण बाल मृत्युदर घटाउन, मातृ स्वास्थ्य सुधार गर्न, र खोप कार्यक्रम सफल बनाउन मद्दत पुगेको छ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू स्वास्थ्य प्रणालीको आधारशीला हुन्। सरकारले उनीहरूको कार्यलाई सुदृढ गर्न र थप सुविधा उपलब्ध गराउन प्राथमिकता दिनु आवश्यक छ।

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं :-

सूचना न.:२५

मितिः२०८१/०८/२४

## सुचना ! सुचना !! सुचना !!

मोदी गाउँपालिकाको आयोजना तथा मुटु जोगाउँ (Save The Heart) लाजिम्पाट -२, काठमाण्डौको सहकार्य साथै बरिष्ठ मुटु रोग बिषेषज्ञ डा. अनिल भट्टराईको नेतृत्वमा तपसिल बमोजिमको मिति तथा स्थानमा **निशुल्क मुटुरोग स्वास्थ्य परिक्षण शिविर** संन्चालन हुन गइरहेको हुदा मोदी गाउँपालिका भित्रका मुटुरोग सम्बन्धि समस्या भएका व्यक्तिहरुले यो शिविरमा मुटुको जाँच गरि स्वास्थ्य लाभ लिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

**शिविर संन्चालन हुने स्थानः** वडा नं ६ को कार्यालय, डिमुवा, पर्वत ।

**शिविर संन्चालन हुने मितिः** २०८१-०९-१२ देखी २०८१-०९-१३ सम्म (२ दिन)

**शिविर सुरु हुने समयः** बिहान ८ बजे देखि

**बिरामीको नाम दर्ताको लागि सम्पर्क व्यक्ती र सम्पर्क नम्बरः**

१ बिक्रम भुवाजी,(जनस्वास्थ्य निरिक्षक) ९८४६४४०६७७

२ टिका कुमारी (श्रीस जनस्वास्थ्य निरिक्षक) ९८५७६५६६४९

३ स्वास्थ्य शाखा,मोदी गाउपालिका ९८४६०६८२०५

**पुनश्चः** शिविरमा आउने मुटुरोग सम्बन्धि स्वास्थ्य समस्या भएका बिरामिहरुले मिति २०८१/०८/२५ देखि ०९/१० सम्म माथि उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि नाम दर्ता गराउन सक्नुहुने छ । यसअघि कुनै अस्पतालबाट मुटु चेकजाँच / उपचार गरेको कागजात / प्रमाणपत्र भएमा सो समेत लिएर आउनुहुन अनुरोध छ ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

पातिचौर पर्वत, फोन नं. ०६७-४१०१६४
E-mail: info@modimun.gov.np, website: http://modimun.gov.np